२३४१/५४२

# राष्ट्रिय सूचना आयोग

सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु. नं. ६३५/०७२/७३**

**निर्णय नं. ५४२**

बारा जिल्ला, स्थायी घर क.न.पा. ७ बस्ने इन्द्रदेव प्रसाद यादव ..............................१ } पुनरावेदक

**विरूद्ध**

श्री प्राधानाध्यापक, श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बारा ..............................१ } विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बारा जिल्ला, स्थायी घर क.न.पा. ७ बस्ने इन्द्रदेव प्रसाद यादवले श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०१।०९ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराको नाममा मिति २०७३।०१।२२ मा आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको लागि यस आयोगको च. नं. १२९१ मिति २०७३।०१।२९ को पत्र मार्फत लेखी गएको । आयोगको आदेश पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएकोले श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराका कार्यालय प्रमुख/प्र. अ.लाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदकले मिति २०७३।०३।०१ मा पुन: उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा यस आयोगको च. नं. १४५६ मिति २०७३।०३।१३ को पत्रमार्फत आदेश कार्यान्वयन सम्बन्धी ताकेता लेखी गएको । आयोगको ताकेता पश्चात पनि सूचना नदिएको भनी पुनरावेदकले मिति २०७३।०४।१६ मा पुन: उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा यस आयोगबाट श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराका नाममा पुनरावेदकलाई माग बमोजिमको सूचना ७ (सात) दिनभित्र उपलब्ध गराउनू भनी मिति २०७३।०४।२१ मा पुन: आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको लागि च. नं. २४० मिति २०७३।०४।२८ को पत्रमार्फत लेखी गएको । आयोगको मिति २०७३।०४।२१ को आदेश पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले पुन: उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग बमोजिमको सूचना ३ (तीन) दिनभित्र उपलब्ध गराउनू भनी पुन: जारी भएको आदेश मिति २०७३।०६।१७ गते उक्त विद्यालयका प्र. अ. सुनरपती यादवले बुझिलिएको देखिन्छ । उक्त आदेश पश्चात श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराको च. नं. २६।०७३।०७४ मिति २०७३।०६।१६ को पत्रसाथ पुनरावेदकलाई सूचना उपलब्ध गराएकोमा सो सूचना अपुरो रहेको भनी क्रमश: मिति २०७३।०७।०४ र २०७३।०७।०८ मा पुन: उजुरी गरको । उक्त उजुरी पश्चात आयोगको च. नं. ५८२ मिति २०७३।०७।२४ को पत्रमार्फत आदेश कार्यान्वयन सम्बन्धी ताकेता लेखी गएको । आयोगको ताकेता पश्चात पनि पूर्ण सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७३।०८।१४ मा पुन: उजुरी गरेको । तत् पश्चात आयोगबाट जिल्ला शिक्षा कार्यालयलाई आवश्यक

सहयोग गरीदिन भनी पत्राचार गरिएको । जि. शि. का. को च. नं. १७५९ मिति २०७३।११।५ को पत्रमार्फत प्र. अ.ले सूचना दिन्छु भनी मौखिक आश्वासन दिएको तर सूचना नदिएको व्यहोराको पत्र लेखी आएको । तत् पश्चात पुनरावेदकले माग बमोजिमको सूचना उपलब्ध नगराउने श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराका प्र. अ.लाई कारबाही गरि पाउँ भनी पुन: उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिदैन। साथै यस आयोगबाट पटक पटक आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसैरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०१।२२ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराको कार्यालय प्रमुख/प्र. अ.को नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख/प्र. अ.लाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल चैत्र ०२ गते रोज ४ शुभम् ।